यशोधरा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

वैदौली, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल

पत्र संख्या :-२०७५/७६
चलानी नम्बर :-

मिति : २०७५/०७/०६

सूचना । सूचना ॥ सूचना ॥।

यस यशोधरा गाउँपालिका भित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि इच्छुक योग्य नेपाली नागरिकहरुले आगामी आ.ब. २०७६/०७७ को भत्ता प्राप्तिको लागि यहि मिति २०७५/०७/७ गते देखि पुष मसान्त सम्ममा समयमै आ-आफ्नो नाम दर्ता गर्नका लागि दर्ता फाराम भरी सम्बन्धित वडा कार्यालयहरुमा तपशिल बमोजिमका कागजातहरुको साथमा दर्ता गर्न लाभग्राही स्वयम् उपस्थित भई दर्ता गराउनु हुन सर्वसाधारणमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**दर्ता फारमका साथ निम्नानुसारका कागजातहरु अनिवार्यरुपमा संलग्न गर्नुपर्ने छ ।**

**तपशिल :**

१. सबै लाभग्राहीको हकमा २ प्रति पासपोर्ट साइजको फोटो ।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

३. बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपिका साथै आमा नभए संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र नजिकको स्वास्थ्य संस्थामा खोप लगाएको वा तौल जाच गराएको प्रमाणपत्रको प्रतिलिपि ।

४. एकलमहिलाको हकमा अविवाहिताको प्रमाण तथा सम्बन्ध विच्छेद दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

५. विधवाको हकमा पतिको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

६. अपांगताको हकमा प्रचलित कानून बमोजिम जारी भएको अपांगता परिचयपत्रको प्रतिलिपि ।

प्रमुख प्रशासकिय अधिकृत